नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

**प्रेश विज्ञप्ति**

करदाता तथा लेखा परीक्षकले सम्पादन गर्ने कार्यको नियामक निकायका रुपमा काम गर्ने आन्तरिक राजस्व विभाग (IRD) र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) वीच करदाताको कारोवारको यथार्थ अवस्थाको घोषणा गर्न गराउन, लेखापरीक्षकलाई स्वतन्त्र, जिम्मेवार एवं व्यवसायिक भई कार्य गर्न अभिप्रेरित गराउने उद्देश्यले लेखा परीक्षण गर्ने/गराउने सम्बन्धमा करदाता तथा लेखा परीक्षकसँग सम्बन्धित कार्य र सूचना आदान प्रदान गर्नको लागि आन्तरिक राजस्व विभागका महानिर्देशक श्री विष्णुप्रसाद नेपाल र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका अध्यक्ष श्री जगन्नाथ उपाध्याय (निरौला) वीच आज मिति २०७५।१२।१४ गते बिहिवारका दिन आन्तरिक राजस्व विभागमा समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भयो। प्रस्तुत समझदारीबाट करदाताले कारोवारको यथार्थ लेखाङ्कन गर्न र लेखा परीक्षकबाट करदाताको कारोवारको यथार्थपरक लेखा परीक्षण र कर परीक्षण गर्न सहयोग पुग्न जाने र यसबाट सहि करारोपण हुनुका साथै सरकारले यथार्थ कारोवारमा आधारित राजस्व प्राप्त गर्ने र पारदर्शी अर्थतन्त्र निर्माणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

आन्तरिक राजस्व विभाग
मितिः २०७५।१२।१४